
# मेरो सानो भाइ

(बाल कविता)



891.495
CDC-m
2060

बाल सन्दर्भ सामग्री

बाल बोध- ४६

बालसन्दर्भ सामग्री

बाल बोध- ४६

891.495
CDC-m
2060



# मेरो सानो भाइ

(बाल कविता)

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर ।

प्रकाशक : श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर ।

© सर्वाधिकार प्रकाशकमा सुरक्षित

लेखन : प्रभा भट्टराई

कार्यक्रम संयोजन : हर्कप्रसाद श्रेष्ठ

सामग्री संयोजन : भरत नेपाली प्याकुरेल

सम्पादन : जयप्रसाद लम्साल

भाषा सम्पादन : विष्णुप्रसाद अधिकारी
शम्भुप्रसाद दाहाल
लोकप्रकाश पण्डित

आवरण तथा रूप विन्यास : श्रीहरि श्रेष्ठ

चित्राङ्कन : युवक श्रेष्ठ/सुदन सिंह

ISBN: 99933-708-3-5

पहिलो संस्करण : २०६०

मुद्रण : २४,००० प्रति

मुद्रक : रोशन अफसेट प्रिन्टर्स
कोटेश्वर काठमाडौं
फोनं. ४४८१४३३

Ac. 1055

# हाम्रो भनाइ

पाठ्यक्रम विकास केन्द्रबाट निर्माण गरिएका विविध पाठ्यसामग्रीहरूमध्ये बालसन्दर्भ सामग्रीले बालबालिकाको मनोवैज्ञानिक स्थितिअनुरूपको पढाइप्रतिको अभिरुचि, अध्ययन रुचि, जिज्ञासु प्रवृत्ति एवम् सिकाइक्रमको परिधिलाईसमेत अझ विस्तृत गरी दरिलो पार्न प्रभावकारी भूमिका निर्वाह गर्ने अपेक्षा राखेको छ ।

यिनै तथ्यलाई आत्मसात् गर्दै विद्यालय पाठ्यक्रममा समाविष्ट अन्तर्निहित मर्मलाई अझ बढी सबलीकृत गर्ने मूल उद्देश्य बालसन्दर्भ सामग्रीले लिएको छ ।

प्राथमिक तहका बालबालिकाहरूको मनोवैज्ञानिक, संवेगात्मक तथा बौद्धिक स्थितिलाई लक्षित गर्दै विकास गरिएका यी सामग्रीहरूमा सरल भाषाको माध्यमबाट मनोरन्जनात्मक पढाइ, शब्द ज्ञान, पठन गति, नवीन ज्ञान एवम् खोजपरक धारणाको विकास गरी सहपठनको बानीलाई प्रेरित गर्दै स्वअध्ययनमा निरन्तरता दिई उनीहरूले आर्जन गरेका असल सोच, प्रवृत्ति तथा व्यवहारलाई जीवन शैलीमा उतार्न सकून् भन्ने अभीष्ट राखिएको छ ।

विगतका वर्षहरूमा विविध ४३ ओटा शीर्षकमा बाल सन्दर्भसामग्रीहरू प्रकाशित भइसकेका छन् । यो वर्षमा पनि अन्य ५ ओटा शीर्षकसमेत थप गरी ४८ ओटा सामग्रीहरू प्रकाशित भएका छन् । सामग्रीहरू सकेसम्म बहुआयामिक, सरल,  तथा बोधगम्य तवरले निर्माण गर्ने प्रयास भएका छन् । यी सामग्रीको विकासमा सल्लाह, लेखन, संयोजन, सम्पादन, चित्राङ्कन, रूपविन्यास एवम् उत्पादन कार्यमा सहयोग प्रदान गर्नुहुने सम्बद्ध सम्पूर्ण महानुभावहरूलाई पाठ्यक्रम विकास केन्द्र धन्यवाद ज्ञापन गर्दछ ।


सामग्रीलाई अझै उद्देश्यमूलक, उपलब्धिमूलक एवम् गुणस्तरीयता प्रदान गर्ने प्रयासमा विद्यार्थी, शिक्षक, लेखक, अभिभावक एवम् बुद्धिजीवीबाट समेत थप सल्लाह र सुझावको अपेक्षा गर्दछौँ ।

२०६०

जगन्नाथ अवा
महानिर्देशक
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

## कविताक्रम


| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | दसैँ | ६ |
| २. | चौतारी | ८ |
| ३. | त्यही चाहिन्छ | १० |
| ४. | मेरो सानो घर | १२ |
| ५. | मेरो सानो भाइ | १४ |









६. नानी बाच्छी १६



७. धत्तेरी चञ्चले १८



८. मेरो पुतली २०



९ मामा घर २२




१० को खाई को खाई २४



११. दिदीको विहे २६



# दसैं आयो



दसैं आयो भनेर

हातमा नोट गनेर

बाबा सहर जानुभो

केके किनी ल्याउने हो


आमा राती उठ्नुभो

ढिकीमा च्युरा कुट्नुभो

केराको घरी ढाल्ने रे
मने बोको काट्ने रे
घर पोत्ने सिलिक्क
नाना चाचा झिलिक्क
मीठो मीठो खाने रे
मामाघर जाने रे




# चौतारी



दोबाटोमा भेटिन्छन्
जोडी वर पीपलु
झ्याम्म पात हरिया
छाया कस्तो शीतलु ।

यही शीतल छाया
निदाउँछन् बटुवा
यहीं भारी गरुङ्गा
बिसाउँछन् भरिया ।

घामपानी सहने
दिक्क कत्ति नमान्ने
सेवा गरे अर्काको
भन्दा पनि नभन्ने ।






गाउँ-बेसी धाउँदा
भेट्ने यहीँ दौँतरी
सबैलाई प्यारो छ
वर पीपलको चौतारी ।

# त्यही चाहिन्छ


सानी नानी नक्कली
कता हिनेकी ?
बजारमा मीठोमीठो
पापा किनेकी



मलाई पनि अलिकति
पापा दिने हो ?
यो त जुठो भैसक्यो
अर्को लिने हो ?

तिमी कति बाठी छौ
ढाँट्न पाइन्छ ?
जुठो छैन नाइँ मलाई
त्यही चाहिन्छ






# मेरो सानो घर

मेरो सानो घर छ
छानामाथि खर छ
रातोमाटो पोतेको
बारी सबै जोतेको ।

बारीभरि फूल छ
पुतलीको हुल छ
सुन्तलाको बोट छ
सानो-सानो गोठ छ ।

बस्न गुन्द्री काम्लो छ
बोक्न डोको नाम्लो छ
पँधेरोमा पानी छ
गाग्री बोक्ने नानी छ ।




नाच्दै हिंड्ने पाठो छ
बाच्छो पनि टाठो छ
ठाडो पुच्छर लाउँछ
मसँग खेल्न आउँछ ।

# मेरो सानो भाइ

सबैजना राम्रो-राम्रो
भन्छन् मलाई
म भन्दा नि राम्रो छ
मेरो सानो भाइ ।



नुहाउँदा खुसी हुन्छ
नङ टोक्दैन
आफैँ खान्छ बबमाम
कत्ति पोख्दैन ।



सबैजना ज्ञानी-ज्ञानी
भन्छन् मलाई
म भन्दा नि ज्ञानी छ
मेरो सानो भाइ ।


रमाउँदै खेल्छ सधैँ
झेल्ला गर्दैन
बाआमाले उल्लाई
गाली गर्नैपर्दैन ।

सबैजना जाती जाती
भन्छन् मलाई
म भन्दा नि जाती छ
मेरो सानो भाइ ।

# नानी बाच्छी

नानी बाच्छी बाँ ... बपँ ...
मुख तिम्रो आँ ...
ठाडो पुच्छर लाउँदै
दगुरेको काँ ... ?


नानी बाच्छी बाँ ... बाँ ...
मुख मेरो आँ ...
मीठो घाँस जता छ
दगुरेको त्याँ





बारी बारी कुद्नु हुन्न
फर्क गोठमा
हुरी लाग्ला पानी पर्ला
बस ओतमा ।

बाँधिदिन्छौ दाम्लोमा
भोकै पर्छु म
मीठोमीठो घाँस पा' छु
यतै चर्छु म ।



# 'धत्तेरी चञ्चले

बाबासँग चञ्चले
मेला हेर्न गएछ
झिङ्गैझिङ्गा भन्केको
पापा किनी खाएछ ।

घर फर्की बेलुकी
पेट उस्को दुखेछ
झाडा-बान्ता गरेर
भोकभोकै सुतेछ ।



भोलिपल्ट चञ्चले
स्कुल जानै पाएन
बिहे थियो दिदीको
भोज खानै पाएन ।

चञ्चलेले आफैलाई
गाली गर्‍यो कस्तरी
झिङ्गा भन्केको
पापा खाइस् धत्तेरी ।

# मेरो पुतली



आजभोली सारै नै
बन्दै गा' छे नक्कली
जामा लाउँछु भन्दैछे
आमा मेरी पुतली ।



हात राम्रो बालाले
खुट्टा राम्रा कल्लीले
बाबा ! चाचा ल्याइदिनुस्
दिक्कै पारी डल्लीले ।


1058

निधारमा टीका छ
आँखामा छ गाजलु
नाच्छु भन्छे नक्कली
बजाइदेऊ भाइ मादलु ।





लाउन मन लाग्यो रे
उसलाई पोते तिलरी
बिहे गर्छु भन्दैछे
लौन ! मेरी पुतली ।



# मामाघर

एक एक दुई
दुई दुई चार
मामाघर जाने
भोलि शनिबार ।

मामा दिन्छन् नाना
माइजू दिन्छिन् पापा
भोलि टि ... टि ... चढेर
गर्नुपर्ला टा ... टा ... ।



साथी पनि हुन्छन्
खेल्न दिदी दादा
कस्तो मजा होला ?
मामाघर जाँदा ।

नाना कता पर्‍यो
मेरो बुट्टेदार
मामाघर जाने रे
भोलि शनिबार ।

# को खाई को खाई




को खाई को खाई माम् माम्
नानी खाई हाम्
स्कुल जान ढिलो भयो
छिटो छिटो जाम् ।



किताब कापी कता छ ?
सिसाकलम खै ?
म त झोला बोकेर
पढन् गएँ है ।

स्कुलमा कति धेरै
पढ्न पाइन्छ ।
टिफिन खान पाइन्छ
खेल्न पाइन्छ ।





स्कुलमा माया गर्ने
गुरुहरू छन्
हामीजस्तै साना साना
साथीहरू छन् ।

# दिदीको बिहे

आज हाम्रो घरमा
धेरै मान्छे आ' का छन्
रङ्गी चङ्गी पोकामा
कुन्नि के के ल्याका छन् !





हाम्री दिदी साँच्चैकी
कति राम्री भा' की छन्
बाज्न पिट्न छोडेर
माया गर्न ला' की छन् ।


जन्ती आउने भन्दैछन्
भेना हाम्रा माझमा
लैजाने रे ! दिदीलाई
भरे भरे सपँझमा ।



ठिकै छ नि रमाइलो
बिहे भोज गरेको
तर हाम्री दिदीलाई
किन लान परेको ।

Ac. 1058

# एकआपसमा सहयोग गर्ने बानी बसालौं



ISBN 99933-708-3-5